# वातावरणीय अध्ययन र वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्दा अपनाउनु पर्ने कार्यप्रक्रिया




संकलन तथा सम्पादन

पूर्णेश्वर सुबेदी


प्रदेश सरकार

वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय लमजुङ

बेसिशहर

आ.व. २०७७/०७८

## (अ) पृष्ठभूमी

नेपालको संविधानले सुनिश्चित गरेको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षती बापत पीडितलाई प्रदुषकबाट क्षतीपूर्ति उपलब्ध गराउन, वातावरण र विकास वीच समुचित सन्तुलन कायम गर्न, प्रकृति वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतिलाई सामाना गर्ने मूलभूत उद्देश्य राखी वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ निर्माण भै कार्यान्वयनमा रहेको छ। राष्ट्रिय वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने र नेपाल सरकारको अनुमति विना राष्ट्रिय वन क्षेत्र अन्य प्रयोजनमा प्रयोग गर्न निषेधको प्रबन्ध सहित विद्यमान वन व्यवस्थापन पद्धतिको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गरी राष्ट्रिय समृद्धिमा योगदान गर्ने दिर्घकालिन उद्देश्य राखी वन ऐन, २०७६ संघीय संसदबाट अनुमोदन भई भै कार्यान्वयनमा रहेको छ। राष्ट्रिय प्राथमिकता प्राप्त योजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त विद्युत प्रशारण लाईन विस्तार सम्बन्धी योजना संचालन गर्न राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने सम्बन्धी विषयलाई ब्यवस्थित गर्न राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ तयार गरी कार्यान्वयनमा रहेको छ। साथै वन ऐन, २०७६ वन नियमावली, २०५१ र राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ को प्रयोजनको लागि सामाजिक एवं भौतिक पूर्वाधार आयोजनाहरुको छनौट एवं कार्यान्वयन कार्यलाई सहज, समयबद्ध र प्रभावकारी बनाउन नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको निर्धारण गर्ने मापदण्ड, २०७५ तयार गरी कार्यान्वयनमा ल्याएको छ।

राज्यद्धारा निर्माण गरिएका संविधान, कानून (ऐन, नियमावली, कार्यविधि र मापदण्ड समेत) को पालना गर्नु/गराउनु सार्वजनिक पदमा आसिन जनप्रतिनिधि, कर्मचारी र सबै नागरिकको अनिवार्य कर्तब्य, दायित्व र जिम्मेवारी हो। यी उल्लेखित कानूनहरुमा राज्यको विकास र समुन्नतिका लागि प्रस्तावित सामाजिक एवं भौतिक पूर्वाधार योजना कार्यान्वयनको लागि वातावरणीय अध्ययन गर्ने/गराउने, योजनाको कार्यान्वयन गर्दा हुन सक्ने संभावित असर तथा प्रभावलाई संबोधन गर्ने, सुझाउने र बैकल्पिक उपायको अबलम्वन गर्नु पर्ने व्यवस्था पालना गर्नु पर्ने प्रबन्ध समेत गर्नु पर्ने उल्लेख गरिएको छ। यसको अलावा प्रस्तावित योजना कार्यान्वयनको लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्नु बाहेकको बिकल्प नभएमा वन क्षेत्र प्राप्त गर्ने कार्यविधि र प्रकृयाको बारेमा स्पष्ट व्यवस्था छ।

माथि उल्लेखित कानून र प्रकृयाको पालना नगरी संघीय सरकार वा प्रदेश सरकार वा स्थानीय तहका निकाय/कार्यालयबाट सामाजिक तथा पूर्वाधार निर्माणका कार्यक्रम जनताका लागि भनी विहान वेलुका, रात/विरात, निषेधाज्ञाको समयपारी जबरजस्त कार्यान्वयन गर्न खोज्ने प्रवृति देखिएको छ। अनुमति नलिई वन क्षेत्रमा मोटर बाटो बनाउन, ढुंगा गिटी उत्खनन गर्न, सार्वजनिक भवन बनाउन साथै रुख काट्न पाईएन र बजेट फ्रिज हुने भयो भन्ने गुनासो समेत सुनिने गरेको छ। यस्ता कानून विपरित हुने गतिविधिले वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, वातावरण, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन, जलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापनको महत्वपूर्ण जिम्वेवारी दिइएको डिभिजन वन कार्यालय र पूर्वाधार निर्माण गर्ने निकाय/समुदाय वीच द्धन्द सिर्जना समेत हुने गरेको छ। यद्यपी, प्रचलित कानूनको पालना गरेर वन क्षेत्र प्राप्त गर्ने र रुख हटाउने स्वीकृति लिई वन क्षेत्रमा योजना संचालन तथा कार्यान्वयन गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने कार्य डिभिजनल वन कार्यालयले गर्दै आएको छ।

वातावरणीय अध्ययन र राष्ट्रिय वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्दा अपनाउनु पर्ने विद्यमान कार्यप्रकृयाको बारेमा सार्वजनिक पदाधिकारी र सर्वसाधारण नागरिकमा जानकारी दिने, यस सम्वन्धी सन्देश संचार माध्यमबाट प्रचार प्रसार भई सबैमा पुर्याउने र प्राथमिकता प्राप्त योजना कार्यान्वयनको लागि राष्ट्रिय वन क्षेत्र सरल र सहज तरीकाले प्राप्त गर्न प्रकृयागत कुराहरु सबैमा जानकारी गराउने उद्देश्य राखी यो जानकारीमूलक संक्षिप्त पुस्तिका प्रकाशन गरिएको छ।

## (आ) वातावरणीय अध्ययन, अध्ययन गराउने निकाय, स्वीकृति र पालना सम्बन्धी व्यवस्था

### १. वातावरणीय अध्ययन

विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको कुनै पनि विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोग परिवर्तन गर्ने कुनै आयोजना वा योजना वा कार्यक्रम (यसपछि योजना भनिएको) ले विद्यमान भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक र साँस्कृतिक वातावरणमा कुनै न कुनै किसिमले असर तथा प्रभाव पार्दछ । यस्ता असर वा प्रभावहरु सकारात्मक वा नकारात्मक दुवै हुने गर्दछन् । कुनै योजना कार्यान्वयन गर्दा त्यसले विद्यमान वातावरणमा पार्ने सकारात्मक प्रभावलाई बढावा दिने, नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न आवश्यक बैकल्पिक उपायको खोजी गरी सिफारिस वा सुझाउन गरिने अध्ययनलाई वातावरणीय अध्ययन भनिन्छ । यस्ता वातावरणीय अध्ययनलाई प्रतिवेदनको रुपमा तयार गरिन्छ । वातावरण संरक्षण ऐन, २०७६ ले वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावित योजनाको आकार र प्रकृति हेरी संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन र पूरक वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने व्यवस्था गरेको छ ।

### २. वातावरणीय अध्ययनका प्रकार

वातावरण संरक्षण ऐन, २०७६ मा चार प्रकारका वातावरणीय अध्ययन बारेमा उल्लेख गरिएको छ । तिनीहरुमा संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्यांकन र पूरक वातावरणीय प्रभाव मूल्यांकन पर्दछन् । कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले विद्यमान वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्वन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्धारा निराकरण वा न्यूनीकरण गर्न वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची (१) का प्रस्तावका लागि अवलम्बन गरिने उपायको सम्वन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन संक्षिप्त वातावरणीय अध्ययन हो भने विश्लेषणात्मक रुपमा अनुसूची (२) का प्रस्तावका लागि गरिने अध्ययन तथा मूल्यांकन प्रारम्भिक वातावरणीय परीक्षण हो । साथै उल्लेखित विषयकै सम्वन्धमा विस्तृत रुपमा अनुसूची (३) का प्रस्तावका लागि गरिने अध्ययन तथा मूल्यांकन वातावरणीय प्रभाव मूल्यांकन हो । पटक पटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रस्तावमा आँशिक रुपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता बृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय प्रभाव मूल्यांकन पूरक वातावरणीय प्रभाव मूल्यांकन हो ।

### ३. वातावरणीय अध्ययन किन गरिन्छ ?

पृथ्वी सबैको प्राणीहरुको साझा घर हो । पृथ्वीमा रहेका लाखौं जीवजन्तुहरु मध्ये मानिस एक हो । मानिसले आफ्नो सुख, सुविधा, सयल, आनन्द र भोगविलासको लागि भौतिक पूर्वाधारहरु जस्तैः बाटो घाटो, पुल पुलेसा, नहर, कूलो, भवन, विद्युत गृह, सुरुङ, सडक, पोखरी, जलाशय, विद्युत उत्पादन गृह, औद्योगिक क्षेत्र वसपार्क, हवाइ मैदान, हस्पिटल, कलकारखाना, रसायन लगायत अन्य सामाग्री उत्पादन गर्ने उद्योग आदि बनाई रहेका छन् । यस्ता विकास नाममा गरिएका क्रियाकलापले एकातर्फ प्राकृतिक भू-उपयोगमा परिवर्तन भएको छ भने अर्को तर्फ नियमित रुपमा चलिरहेको प्रकृति, प्राकृतिक वातावरण र जीवजन्तुमा प्रत्यक्ष र परोक्ष प्रभाव पारिरहेको छ । यी प्रस्तावहरुले निर्माण अगाडी, निर्माण चरण र संचालन चरणमा मौजुदा वातावरणका भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक र रासायनिक पक्षमा असर तथा प्रभाव पार्दछ । प्रस्ताव कार्यान्वयन गर्दा भौतिक वातावरणका सूचकहरु (जस्तैः बायु, जल र ध्वनीको अवस्था, भौगभिक संरचना, भूक्षय, पहिरो जस्ता जोखिम) मा के कस्तो असर र प्रभाव पार्दछ ? त्यस्तै जैविक वातावरणका सूचकहरु (वन जंगल तथा वनस्पति, गैह्रकाष्ठ वन पैदावार, दुर्लभ तथा संकटापन्न जीवजन्तु तथा वनस्पति, संरक्षित क्षेत्र आदि) मा के कस्ता परिवर्तन हुन सक्छन् त्यस्तै स्थानीय समुदाय र त्यसको वरिपरिको सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणका सूचकहरु (शिक्षा, स्वास्थ्य र सरसफाई, कृषि, रोजगारी, बसाइसराई, वातावरणीय सौन्दर्यता, लैंगिक सवाल, धार्मिक तथा सांस्कृतिक स्थिति, साँस्कृतिक

रीतिरीवाज, सामाजिक स्थिति आदि) मा के कस्तो प्रभाव पर्न सक्छन् ? त्यस्तै औद्योगिक क्षेत्रबाट निस्काशन हुने ठोस, तरल, ग्याँस, ध्वनी, धुलो तथा रसायनिक पदार्थका कारण विद्यमान जैविक र भौतिक वातावरणमा पर्ने सक्ने असर तथा प्रभाव के कस्ता देखिन सक्छन् ? तिनीहरुका प्रभावको शुक्ष्मरुपमा पहिचान, आँकलन, तह निर्धारण, उल्लेखनियताको प्रक्षेपण गरी दिने र संम्वोधन गर्ने प्रस्ताव सिफारिस गर्ने कार्य वातावरणीय अध्ययनले गर्दछ । माथि उल्लेखित विभिन्न क्षेत्रमा पर्न जाने असर तथा प्रभाव सकारात्मक हो भने त्यसलाई प्रभावलाई बढावा दिने उपायहरु के के हुन सक्छन् ? प्रभाव नकारात्मक पर्ने हो भने त्यस्ता प्रस्तावलाई कस्ता उपायहरु अवलम्बन गरी न्यूनीकरण गर्ने साथै विद्यामान अवस्थामा कार्यान्वयन गर्न नहुने प्रस्ताव रहेछ भने सो स्थान, डिजाईन र क्षमता परिवर्तन गरी बैकल्पिक उपाय (निरोधात्मक, सुधारात्मक र क्षतिपूर्तिको माध्ययम) अपनाई सम्बोधन गर्न सकिन्छ ? सोको खोजी गरी सुझाउने कार्य वातावरणीय अध्ययन गर्दछ ।

### ४. वातावरणीय अध्ययन सन्दर्भमा प्रस्ताव के हो ? प्रस्तावक को हुन्छ ?

प्राकृतिक रुपमा रहेको विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको कुनै पनि विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोग परिवर्तन गर्ने कुनै योजना संचालन गर्ने सम्वन्धमा तयार भएको दस्तावेजलाई प्रस्ताव भनेर बुझिन्छ । कुनै पनि प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति वा सरकारी/अर्धसरकारी/ गैह्रसरकारी निकाय वा संस्थालाई प्रस्तावक भनिन्छ । जुन निकायले योजना प्रस्ताव गर्दछ त्यसको कार्यान्वयन गर्ने योजना बनाउँछ सोको संभाव्यता अध्ययन गरी विस्तृत प्रस्ताव दस्तावेज (डिपिआर) तयार गर्दछ सोको विस्तृत तथा लागत अनुमान तयार तथा स्वीकृत गरी योजनाको कार्यान्वयनको लागि ठेक्का आह्वान गर्दछ साथै ठेकेदार/समुह/समितिसंग सम्झौता गरी योजना कार्यान्वयन गर्न कार्यादेश दिन्छ त्यही सरकारी/ग्रैह्रसरकारी निकाय, संस्था वा व्यक्ति नै प्रस्तावक हो । अझ सरल रुपमा बुझ्नु पर्दा स्थानीय तहले कार्यान्वयन गर्ने सबै योजनाको प्रस्तावक स्थानीय तह नै हो भने संघ वा प्रदेश सरकार मातहत रहेका सरकारी तथा ग्रैह्रसरकारी निकाय/कार्यालय जसमा अख्तियारी गएको हुन्छ, त्यो निकाय/कार्यालय प्रस्तावक हो ।

### ५. वातावरणीय अध्ययन कसले गराउने ?

प्रचलित कानूनले वातावरणीय अध्ययन गरेर कार्यान्वयन गर्नु पर्ने प्रस्ताव (योजना) जुन निकाय/संस्था/व्यक्तिबाट कार्यान्वयन हुन गइरहेको छ, सोही निकाय/संस्था/व्यक्तिले अनिवार्य रुपमा वातावरणीय अध्ययन गराउनु पर्दछ । वातावरणीय अध्ययन नगराई योजना कार्यान्वयन गराउनु हुँदैन । गरेमा प्रचलित कानूनको बर्खिलाप हुन्छ । उदाहरणको लागि “क” भन्ने नगर/गाउँपालिकाबाट प्रस्ताव गरिएको वातावरणीय अध्ययन गरी कार्यान्वयन गर्नु पर्ने हस्पिटल निर्माणको प्रस्ताव (योजना) सोही “क” भन्ने नगर/गाउँपालिकाले वातावरणीय अध्ययन गराउनु पर्दछ । सो वातावरणीय अध्ययन गराउने कर्तव्य र जिम्बेवारी सोही नगर/गाउँपालिकाको हो । अर्को उदाहरण लिनु पर्दा प्रदेश मातहतमा रहेको पूर्वाधार विकास कार्यालयबाट प्रचलित वातावरण कानून बमोजिम वातावरणीय अध्ययन गराएर कार्यान्वयन गर्नु पर्ने प्रदेश सडकको प्रस्ताव (योजना) को लागि बजेट स्वीकृत भएको छ भने सोही कार्यालयले वातावरणीय अध्ययन गरेर मात्र प्रस्तावको कार्यान्वयन गर्नु पर्दछ । त्यस्तै नेपाल विद्युत प्राधिकरणको २२० के.भि. विद्युत प्रशारण लाईन निर्माण गर्ने आयोजना छ भने सोही प्राधिकरणबाट सो आयोजनाको वातावरणीय अध्ययन गराई सो स्वीकृत गरेर मात्र आयोजना कार्यान्वयन गर्नु पर्दछ । छोटकरीमा जुन निकायले योजना कार्यान्वयन गर्ने हो, त्यही निकायले वातावरणीय अध्ययन गराएर प्रस्तावको कार्यान्वयन गर्ने दायित्व, कर्तव्य र जिम्मेवारी रहन्छ । तसर्थ, वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सोको स्वीकृत गर्ने निकायबाट स्वीकृत भएपछि प्रचलित प्रकृया अबलम्वन गरेर मात्र सामाजिक विकास तथा पूर्वाधार निर्माणका योजना कार्यान्वयन गर्नु गराउनु संघीय, प्रादेशिक र स्थानीय तहका सरकारी निकायहरु, अन्य सबै संघ संस्था तथा निजी क्षेत्रको कर्तब्य हो ।

### ६. कस्तो प्रस्तावमा कुन वातावरणीय अध्ययन गर्ने ?

वातावरण संरक्षण ऐन, २०७६ को दफा (३) मा प्रस्तावकले तोकिए बमोजिमका प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने छ भनी उल्लेख गरेको छ। वातावरण संरक्षण नियमावली, २०७७ ले अनुसूची (१, २ र ३) मा १२ वटा क्षेत्रका सूचीकृत गरिएका प्रस्ताव (कार्य) हरु कार्यान्वयन गर्दा वातावरणीय अध्ययन गर्नु पर्ने भनी उल्लेख गरेको छ। ती क्षेत्रहरुमा वन क्षेत्र, स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र, पर्यटन क्षेत्र, यातायात क्षेत्र, उर्जा, जलश्रोत तथा सिंचाइ क्षेत्र, खानेपानी क्षेत्र, आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र, फोहरमैला व्यवस्थापन क्षेत्र, उद्योग क्षेत्र, खानी क्षेत्र र कृषि क्षेत्र पर्दछन्। प्रस्तावकले अनुसूची १ मा उल्लिखित प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची २ मा उल्लिखित प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची ३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्दछ। ऐनको दफा ७ मा कसैले पनि ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउनु हुँदैन भनी उल्लेख गरेको छ। तसर्थ वातावरणीय अध्ययन गर्नु पर्ने वा नपर्ने कस्तो प्रकारको प्रस्ताव हो, अनुसूची हेरी वातावरणीय अध्ययन गर्नु पर्ने भएमा अनिवार्य अध्ययन गराई प्रस्तावको कार्यान्वयन गर्नु पर्दछ।

### ७. वातावरणीय अध्ययन स्वीकृतिको लागि कहाँ पेश गर्ने ?

वातावरणीय संरक्षण ऐन बमोजिम वातावरणीय अध्ययन गरी तयार भएको वातावरण अध्ययनको प्रस्तावलाई गाम्भियर्ता हेरी पेश गर्नु पर्ने निकायको व्यवस्था गरिएको छ। वातावरण संरक्षण ऐन २०७६ को दफा (३) को उपदफा (२) मा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रकृया पूरा गरी देहायको निकाय समक्ष पेश गर्ने व्यवस्था छ।

(क) राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानुन बमोजिम संघको अधिकार क्षेत्र भित्र पर्ने विषयसंग सम्वन्धित विकास निर्माण सम्वन्धी कार्य वा आयोजना, एक भन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नु पर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक परीक्षण भए नेपाल सरकारको सम्बन्धित मन्त्रालय समक्ष र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन भए नेपाल सरकारको सम्बन्धित मन्त्रालय मार्फत वन तथा वातावरण मन्त्रालयम पेश गर्ने व्यवस्था रहेको छ।

(ख) प्रदेश सरकारको अधिकार क्षेत्र भित्र पर्ने विषयसंग सम्बन्धित विकास निर्माण सम्वन्धी कार्य वा आयोजनाको वातावरणीय प्रतिवेदन प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्ने व्यवस्था रहेको छ।

(ग) स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसंग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सम्बन्धित प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ। यसरी सम्बन्धित निकाय समक्ष पेश भएका प्रतिवेदन स्वीकृत भए पश्चात कार्यान्वयन गर्नु पर्दछ।

### ८. वातावरणीय अध्ययन नगर्दाको परिणाम

वातावरण संरक्षण कायम राख्न र वातावरणको प्राकृतिक स्वरुप क्षय गर्ने मानिसको ठूलो भूमिका छ। मानिसले प्रत्यक्ष वा अप्रत्यक्ष, जानी वा नजानीकन दिनानुदिन विकास र आविष्कारको नाममा गरिएका क्रियाकलापहरुको कारण एकातर्फ प्राकृतिक वातावरणको स्वरुप विगारी रहेको छ भने अर्को तर्फ प्रत्येक बर्ष ठूलो धनजनको क्षतिसमेत हुने गरेको छ। आर्थिक विकास र आधुनिकीकरणको नाउँमा सिमित मात्रामा रहेका प्राकृतिक श्रोतहरुको अत्यधिक दोहनले पृथ्वीको वातावरणीय संन्तुलन नराम्रोसँग प्रभावित भएको छ। वातावरणीय अध्ययन विना बनाएका सामाजिक तथा पूर्वाधार निर्माण र डोजरे सडकहरुका कारण बर्षेनी बस्ती जोखिममा परेको, मानिसको

घरबास उठीबास भएको, पुल पुलासाहरु भत्किएको, बनाएका संरचना छोटो अवधिमा क्षतविक्षत भएको, वन्यजन्तु बासस्थानमा असर परेको, पानीका मुहानहरु सुकेको, सिमसार क्षेत्र संकटमा परेको, जमिन मुनीको पानीको सतह घटेको, मानव तथा बन्यजन्तुको वासस्थान क्षय र विनास भई जीवन नै संकटमा परेको छ। यसले गर्दा समुदायस्तर देखि राष्ट्रिय र अन्तराष्ट्रियस्तर सम्म वातावरणीय समस्याहरु देखा परेका छन्। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सामाजिक तथा पूर्वाधार निर्माणको योजना कार्यान्वयन गर्दा वातावरणीय पक्षलाई ध्यान नदिएको कारण आज वातावरण र विकास एक अर्कामा अन्तर सम्बन्धित नभई परस्पर विरोधीको रुपमा देखा परेको, विकासका नाममा विनाश गर्ने गरेको जस्ता अभिव्यक्तिहरु मिडियाहरुमा सार्वजनिक हुने गरेको पाईन्छ। नेपालमा प्रत्येक बर्ष जथाभावी कार्यक्रम राखी वातावरणलाई वेवास्ता गरी नयाँ ग्रामीण सडक र अन्य पूर्वाधारका कारण जन, धन र सम्वतिमा क्षति भइरहेको छ। तसर्थ, वातावरणीय अध्ययन प्रतिवेदनबाट निस्केको तथ्य र सोमा उल्लेख गरिएका वातावरणीय पक्षलाई सम्बोधन गरी सामाजिक तथा पूर्वाधार विकास गर्नु पर्ने देखिएको छ।

### ९. वातावरणीय अध्ययन नगरेमा हुने जरिवाना र क्षतिपूर्ति

वातावणीय अध्ययन गर्नु पर्ने प्रस्तावको वातावरणीय अध्ययन नगरीकन कुनै कार्य गरे वा गराएमा सम्बन्धित निकायले निम्न अनुसार जरिबाना गर्ने व्यवस्था वातावरण संरक्षण ऐन, २०७६ को दफा (३५) ले गरेको छ।

(क) संक्षिप्त वातावरणीय अध्ययन गराउनुपर्ने प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँसम्म र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन गराउनुपर्ने प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ।

(ख) प्रस्तावकले माथि (क) मा उल्लेख गरे बमोजिमको कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा वातावरण ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिने व्यवस्था ऐनले गरेको छ। सम्बन्धित निकायले दिएको आदेश बमोजिम कार्य नभएमा सम्बन्धित निकायले माथि उल्लेख बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना सम्बन्धित व्यक्ति वा संस्थालाई गर्ने व्यवस्था ऐनले गरेको छ।

(ग) कसैले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कार्य गरेमा वा वातावरण ऐन, नियम, निर्देशिका वा मापदण्ड विपरित प्रदुषण गरेको वा जोखिमपूर्ण पदार्थ निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदुषणका कारणबाट कुनै व्यक्ति, संस्था वा स्थानीय समुदायलाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पिडित व्यक्ति, संस्था वा स्थानीय समुदायले सम्बन्धित निकायमा क्षतिपूर्ति भराई पाउन निवेदन दिएमा छानबिन गरी उचित क्षतिपूर्ति भराई दिने व्यवस्था समेत ऐनमा रहेको छ।

## (इ) वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्दा अपनाउनु पर्ने कार्यप्रकृया

राष्ट्रिय वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने र नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय विना वन क्षेत्र अन्य प्रयोजनमा प्रयोग गर्न नपाईने व्यवस्था वन ऐन, २०७६ को दफा (३) मा रहेको छ। कुनै निकायबाट प्रस्ताव गरिएको सामाजिक वा भौतिक पूर्वाधार निर्माण गर्ने सम्वन्धी कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नु बाहेक अन्य विकल्प नभएमा नेपाल सरकार समक्ष राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न माग गर्दा देहायको बमोजिमको कार्यप्रकृया अबलम्बन गर्नु पर्दछ।

### १. वातावरणीय अध्ययन गरेरमात्र वन क्षेत्रमा योजना कार्यान्वयन गर्न नपाईने

वातावरणीय अध्ययन स्वीकृत भएर मात्र राष्ट्रिय वन (सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, कवुलियती वन, साझेदारी वन, चकला वन, धार्मिक वन, प्रदेश भित्रको राष्ट्रिय वन वा अन्तरप्रादेशिक वन र वन क्षेत्रसंग

जोडिएको झाडी बुट्यान समेत) क्षेत्रमा सामाजिक वा भौतिक पूर्वाधार निर्माण गर्ने सम्वन्धी कुनै आयोजना/योजना/कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न पाईदैन। साथै उक्त वन क्षेत्रमा भएका रुखहरु समेत हटाउन मिल्दैन। राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्नु बाहेक अन्य विकल्प नभएमा, योजना कार्यान्वयनको लागि कुनै राष्ट्रिय वन क्षेत्र आवश्यक र उपयुक्त देखिएमा नेपाल सरकारले योजनाको लागि प्रस्तावित राष्ट्रिय वनको क्षेत्र र त्यस्तो क्षेत्रबाट रुख विरुवा तथा अन्य वन पैदावार हटाउनु पर्ने भएमा सो समेत हटाउन स्वीकृति दिने व्यवस्था रहेको छ।तसर्थ नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृति विना वन क्षेत्र अन्य प्रयोजनमा प्रयोग गर्न र सो क्षेत्रमा भएका रुखहरु हटाउन नपाईने व्यवस्था वन ऐन, २०७६ मा रहेको छ। कुनै व्यक्ति वा निकाय वा संस्थाले स्वीकृति विना वन क्षेत्रमा कुनै सामाजिक वा भौतिक पूर्वाधार निर्माण गर्ने सम्वन्धी कार्य गरे गराएमा वन कसूर गरेको मानिन्छ र वन ऐन अनुसार कार्वाही हुन्छ।

## २. प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्नु पर्ने

राष्ट्रिय वन क्षेत्रमा संचालन हुने योजना कार्यान्वयनमा जानु अगाडी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५ ले तोकेको न्यूनतम शर्तहरु पुरा हुनु पर्दछ। कुनै आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुनको देहाय अनुसारका मापदण्ड पुरा भएको हुनु पर्दछ।

(क) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

(ख) श्रोत/लगानी सुनिश्चित भएको प्रमाण,

(ग) चालु आवधिक योजनाले राष्ट्रिय प्राथमिकता निर्धारण गरेको क्षेत्र भित्र परेको,

(घ) आयोजनाको वातावरणीय अध्ययन सम्पन्न भएको,

(ङ) सम्वन्धित मन्त्रालयको सचिव स्तरिय निर्णय भएको,

## ३. प्राथमिकता प्राप्त आयोजनाको जानकारी गराउने

योजना संचालनको लागि राष्ट्रिय वन क्षेत्र नै प्रयोग गर्नु पर्ने भएमा योजना राष्ट्रिय प्राथमिकता प्राप्त रहेको व्यहोरा देहायको निकायबाट सिधै वा मार्फत वन तथा वातावरण मन्त्रालयमा पठाउने पर्ने व्यवस्था रहेको छ।

(क) संघीय सरकार मातहत संचालन हुने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण भएको बार्षिक विकास आयोजना/कार्यक्रम नेपाल सरकारको प्राथमिकता एक (P1) र प्राथमिकता दुई (P2) आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त रहेको ब्यहोरा राष्ट्रिय योजना आयोगले वन तथा वातावरण मन्त्रालय लगायत सबै सम्वन्धित मन्त्रालयमा पठाउने र सम्वन्धित मन्त्रालयहरुले सिधै वन तथा वातावरण मन्त्रायलमा सिफारिस गर्ने व्यवस्था रहेको छ।

(ख) प्रादेशिक प्राथमिकतामा रहेको आयोजनालाई राष्ट्रिय प्राथमिकता आयोजना निर्धारण गर्नु पर्ने भएमा र आयोजना संचालन गर्न वन क्षेत्रबाहेक अन्य कुनै विकल्प नभएमा प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयको निर्णय पश्चात प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रकृया अगाडी बढाउने व्यवस्था रहेको छ।

(ग) त्यस्तै स्थानीय तहको प्राथमिकताकमा रहेको आयोजनालाई वन क्षेत्रको जग्गा प्रयोग गर्नु बाहेक अन्य विकल्प नभएमा राष्ट्रिय प्राथमिकता आयोजना निर्धारण गर्नु पर्ने भएमा सम्वन्धित स्थानीय तहको गाउँ/नगर सभाकोबाट स्वीकृत भएका र सोही पालिकाले सिफारिस गरेपश्चात संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रकृया अगाडी बढाउने व्यवस्था रहेको छ।

(घ) गैह्रसरकारी क्षेत्र वा सामाजिक विकासका लागि समुदायबाट संचालन गर्ने दश करोड रुपैया भन्दा बढी लागतका आयोजनाको हकमा आयोजना संचालन गर्ने स्थानीय तहको कार्यपालिकाको निर्णय गरी संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रकृया अगाडि बढाउने।

(ङ) निजी वा सार्वजनिक निजी साझेदारीमा संचालन हुने व्यवसायिक आयोजनाको हकमा कम्पनी ऐन अनुसार उद्योग विभाग/घरेलु तथा साना उद्योग कार्यालयहरुमा दर्ता भई स्थाइ लेखा नम्बर प्राप्त गरे पश्चात सम्वन्धित संघीय मन्त्रालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक कार्य प्रकृया अगाडि बढाउने ।

## ४. वन क्षेत्र प्रयोगको लागि स्वीकृति माग गर्ने

राष्ट्रिय वन क्षेत्रमा योजना कार्यान्वयन गर्ने निकायले योजना संचालन गर्न अन्य विकल्प नदेखिएमा र राष्ट्रिय वन क्षेत्र नै प्रयोग गर्नु पर्ने भएमा योजनासंग सम्वन्धित मन्त्रालयले यस्तो राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने स्वीकृतिको लागि देहाय बमोजिमको कागजात राखी वन तथा वातावरण पठाउनु पर्ने व्यवस्था रहेको छ ।

(क) राष्ट्रिय वन क्षेत्र आवश्यक पर्ने तथ्यपरक कारण र औचित्व,

(ख) कुनै निकायबाट अनुमति पत्र जारी भएको भए त्यस्तो अनुमति पत्रको प्रतिलिपी,

(ग) योजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) लगायतका स्वीकृत कार्यक्रम सम्वन्धी कागजात,

(घ) योजनाको विस्तृत संभाव्यता प्रतिवेदन र विकल्प अध्ययन प्रतिवेदन,

(ङ) वातावरणीय अध्ययन प्रतिवेदन र वातावरणीय व्यवस्थापन योजना सहितको प्रतिवेदन र

(च) राष्ट्रिय प्राथमिकता प्राप्त योजना रहेको र सो योजनाको लागि राष्ट्रिय वन क्षेत्र आवश्यक रहेको भन्ने पुष्टि हुने कागजातहरु

## ५. पुनःविचारको लागि पठाउने

सम्वन्धित मन्त्रालयबाट वन क्षेत्र प्रयोगको लागि स्वीकृतिको माग सहितका कागजात प्राप्त भएपछि वन तथा वातावरण मन्त्रालयले अध्ययन गर्दा योजनामा कुनै परिमार्जन गर्दा कम वन क्षेत्र प्रयोग हुने वा कम रुख कटान हुने देखिएमा सम्वन्धित मन्त्रालयलाई व्यहोरा खुलाई पुर्नविचारका लागि लेखि पठाउन सक्ने व्यवस्था छ । यसरी पुर्नविचारका लागि लेखि आएमा सम्वन्धित मन्त्रालयले योजनाको लागत र प्रतिफल समेतका आधारमा सो कुरा उपर विचार गरी आवश्यकता अनुसार योजना परिमार्जन गरी राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने पुनः वन तथा वातावरण मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ ।

## ६. स्थलगत विवरणको लागि पठाउने

कुनै योजनाको लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्ने स्वीकृतिको लागि लेखि आएमा वन तथा वातावरण मन्त्रालयले देहायका विवरण सहित कागजात पठाउन वन तथा भू-संरक्षण विभाग मार्फत सम्वन्धित डिभिजन वन कार्यालयमा लेखि पठाउने व्यवस्था रहेको छ । वन कार्यालयले स्थलगत अवलोकन गरी देहायका बुँदासंग सम्वन्धित विषयमा विवरण तयार गरी विभाग मार्फत मन्त्रालयमा पठाउने व्यवस्था रहेको छ ।

- योजनालाई प्रयोग गर्न दिनु पर्ने राष्ट्रिय वन क्षेत्रको स्थलगत विवरण, क्षेत्रफल, चारकिल्ला र जिपिएस कोर्डिनेट खुलेको नापनक्शा, नापी सिट नम्बर, कित्ता नम्बर, भौगोलिक क्षेत्र, वनको किसिम, वनको किसिम अनुसार क्षेत्रफल लगायतका विवरण
- योजना कार्यान्वयन गर्दा हुने राष्ट्रिय वन क्षेत्रबाट हटाउनु पर्ने रुख विरुवाको लागत र परिमाण (काठ र दाउरा) समेतको विवरण
- कुनै योजनाको लागि माग भएको राष्ट्रिय वन क्षेत्र समुदायमा आधारित उपभोक्ता समूहबाट व्यवस्थापन भईरहेको राष्ट्रिय वन भएमा त्यस्तो समुहले दिएको सहमति

## ७. नेपाल सरकारले स्वीकृति दिन सक्ने

वन तथा भू-संरक्षण विभागबाट प्राप्त भएको उल्लेखित कागजात जाँचबुझ गर्दा योजना कार्यान्वयनको लागि कुनै राष्ट्रिय वन क्षेत्र आवश्यक र उपयुक्त देखिएमा वन तथा वातावरण मन्त्रालयले स्वीकृतिको लागि नेपाल सरकार

समक्ष प्रस्ताव पेश गर्ने व्यवस्था छ। वन तथा वातावरण मन्त्रालयबाट पेश भएको प्रस्ताव मानसिब देखिएमा नेपाल सरकारले योजनाको लागि प्रस्तावित राष्ट्रिय वनको क्षेत्र र त्यस्तो क्षेत्रबाट रुख विरुवा तथा अन्य वन पैदावार हटाउनु पर्ने भएमा सो समेत हटाउन स्वीकृति दिन सक्ने व्यवस्था रहेको छ।

## ८. प्रस्तावकले सट्टा जग्गा वा रकम उपलब्ध गराउनु पर्ने

### *(क) सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध गराउने*

कुनै योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय भएमा योजना कार्यान्वयन गर्दा राष्ट्रिय वन क्षेत्रको भू-उपयोग स्थायी रुपमा परिवर्तन हुने गरी प्रयोग हुने क्षेत्रफल भन्दा कम नहुने गरी सम्वन्धित योजनाले सट्टाभर्ना स्वरुप समान भू-बनौट र समान भौगोलिक क्षेत्रमा वन विकास गर्न सकिने जग्गा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। सरकारी जग्गाको हकमा सट्टाभर्ना स्वरुप उपलब्ध गराउने पर्ने जग्गा वापतको रकम आयोजनाको लागत ईष्टमेटमा नै समावेश गर्ने व्यवस्था छ। सट्टाभर्ना स्वरुप उपलब्ध गराउने पर्ने जग्गा वापतको रकम आयोजनाको लागत लागत इष्टिमेटमा समावेश नभएका र निर्णय प्रकृयामा रहेका सरकारी योजनाको हकमा सट्टाभर्ना स्वरुप उपलब्ध गराउनु पर्ने जग्गा वापतको रकम अर्थ मन्त्रालयले उपलब्ध गराउने भन्ने व्यवस्था रहेको छ।

### *(ख) जग्गाको सट्टा रकम उपलब्ध गराउने*

राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृत प्राप्त योजना सट्टाभर्ना स्वरुप उपलब्ध गराउन नसक्ने भएमा सोही व्यहोरा उल्लेख गरी सट्टाभर्ना गराउन नसकेको जग्गा वापत रकम निर्धारण समितिबाट निर्धारण भएको रकम उपलब्ध गराउन स्वीकृतिको लागि वन तथा वातावरण मन्त्रालयमा देहायका विवरण एवं कागजातहरु संलग्न गरी निवेदन दिनु पर्दछ।

(अ) राष्ट्रिय वन क्षेत्र प्रयोग गरे वापत जग्गा सट्टाभर्ना दिन नसकिने अवस्थाको तथ्यपरक कारण र औचित्व,

(आ) सम्वन्धित निकायबाट अनुमतिपत्र जारी भएको योजना भए अनुमति पत्रको प्रतिलिपी,

(इ) नेपाल सरकारबाट राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने सम्वन्धी निर्णयको जानकारी पाएको पत्रको प्रतिलिपी,

(ई) विभागसंग सम्झौता भई सकेको भए उक्त सम्झौताको प्रतिलिपी,

(उ) योजनाको प्रर्वधकको संचालक समिति वा सो सरहको अधिकार प्रयोग गर्ने कार्यकारी निकायबाट भएको निर्णयको प्रतिलिपी

### *(ग) मन्त्रालयबाट सट्टाभर्ना रकम निर्धारण*

प्रस्तावबाट पेश भएको निवेदनको सम्बन्धमा जाँचबुझ गर्दा व्यहोरा मनासिब लागेमा त्यस्तो योजनाले वन क्षेत्र प्रयोग गरे वापत बुझाउनु पर्ने रकम राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ को अनुसूची १ को उच्च दरको मुल्य तिर्नु पर्ने देखिएको योजनाको हकमा वा कुनै योजनाको प्रवर्द्धकले वनको किसिम अनुसार अनुसूची बमोजिमको उच्च दरको रकम तिर्न मंजुर गरेमा मन्त्रालय आँफैले रकम निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ।

### *(घ) प्रतिवेदनको आधारमा सट्टाभर्ना रकम निर्धारण*

प्रवर्द्धकले वन तथा वातावरण मन्त्रालयले निर्धारण गरे बमोजिम रकम तिर्न मंजुर नभएमा योजनाले वन क्षेत्र प्रयोग गरेवापत बुझाउनु पर्ने रकम निर्धारण गर्ने प्रयोजनको लागि मन्त्रालयले निवेदन सहितका कागजात विभाग मार्फत सम्वन्धित वन कार्यालयमा पठाउनु पर्दछ। सम्वन्धित वन कार्यालयले स्थलगत निरीक्षण एवं जाँचबुझ गरी उल्लेखित अनुसूचीको तालिकामा रहेको वनको प्रकृतिसंग तुलना गरी वनको किसिम अनुसार योजनाले प्रयोग गर्ने वन क्षेत्रको खूद वर्तमान मूल्य पहिचान एवं कूल रकम निर्धारण गरी रकम निर्धारण जिल्ला समितिमा पेश गर्नु पर्दछ। रकम निर्धारण जिल्ला समितिले सम्वन्धित वन कार्यलयले पेश गरेको मूल्यांकन प्रतिवेदन अध्ययन तथा आवश्यकता अनुसार जाँचबुझ गरी योजनाले प्रयोग गर्ने वन क्षेत्रको खूद वर्तमान मूल्य निर्धारण गरी पन्ध्र दिन भित्र

सिफारिस सहित विभागमा पठाउनु पर्दछ । प्राप्त सिफारिस सहितका कागजात अध्ययन गरी विभागले आफ्नो राय सहित मन्त्रालयमा पठाउने र मन्त्रालयले प्राप्त कागजात अध्ययन गर्दा व्यहोरा मनासिब लागेमा मन्त्रालयले त्यस्तो योजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोग गरे वापत रकम बुझाउन स्वीकृति दिन सक्ने व्यवस्था रहेको छ । राष्ट्रिय वन क्षेत्र प्रयोग गरे वापत रकम बुझाउन स्वीकृतिको जानकारी प्राप्त भएपछि सम्वन्धित योजनाले तीन महिना भित्र वन विकास कोषको खातामा रकम जम्मा गर्नु पर्दछ ।

### ९. प्रस्ताव कार्यान्वयनको लागि प्रवर्द्धक र विभाग वीच सम्झौता

योजनाको कार्यान्वयनको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने गरी नेपाल सरकारले स्वीकृति दिएकोमा सम्वन्धित योजनाको प्रवर्द्धकले सट्टा भर्ना जग्गा उपलब्ध गराएमा वा रकम बुझाउन स्वीकृति पाएकोमा तोकिएको समयभित्र रकम बुझाएमा वन तथा भू-संरक्षण विभागले सम्वन्धित योजना प्रवर्द्धक संग राष्ट्रिय वन क्षेत्र प्रयोग गर्दा पालना गर्नु पर्ने शर्त समेत उल्लेख गरी सम्झौता गर्ने व्यवस्था रहेको छ । प्रवर्द्धक र विभाग वीच सम्झौता कार्यान्वयनको लागि सम्वन्धित वन कार्यालयमा पठाउने गरिन्छ । सम्झौताको पालना भएर/नभएको सम्वन्धमा वन तथा भू-संरक्षण विभाग आँफैले वा सम्वन्धित वन कार्यालयबाट नियमित अनुगमन गराउने व्यवस्था रहेको छ । सम्झौताको शर्तको पालना गर्नु त्यस्तो योजनाको कर्तव्य हुन्छ ।

### १०. अस्थाई रुपमा वन क्षेत्र प्रयोग बापतको दस्तुर

अस्थाई रुपमा राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने योजनाले वन नियमावली, २०५१ को अनुसूची (२०) मा कबुलियती वनको उद्योगका लागि तोकिएको दस्तुर बरावरको रकम बार्षिक बृद्धिसमेत समावेश गरी नियमित रुपमा कोषमा जम्मा गर्ने व्यवस्था रहेको छ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वीकृत बजेटको स्रोतबाट संचालन हुने सरकारी योजनाको हकमा यस्तो दस्तुर नलाग्ने व्यवस्था छ । मुनाफा आर्जन नगर्ने उद्वेश्यले संचालित योजनाको लागि नेपाल सरकारले दस्तुर नलाग्ने गरी छुट दिन सक्ने व्यवस्था रहेको छ ।

### ११. वन पैदावारको हस्तान्तरण र व्यवस्थापन

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न र सो क्षेत्रमा रहेका रुख, विरुवा वा अन्य वन पैदावार हटाउन स्वीकृति पाएकोमा सो योजनाले त्यस्तो रुख, विरुवा वा अन्य वन पैदावार आफ्नै खर्चमा कटान, मुछान र घाटगद्दी गरी सम्वन्धित वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्दछ । योजनाबाट हस्तान्तरण भएको वन पैदावार डिभिजन वन कार्यालयले व्यवस्थापन गर्नु पर्दछ ।

### १२. सट्टा जग्गामा बृक्षारोपण र वन क्षेत्र हस्तान्तरण

प्रवर्द्धकले योजना कार्यान्वयन गर्न राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गरे वापत जग्गा सट्टा भर्ना दिएकोमा सो जग्गा वन क्षेत्रको जग्गा भन्दा कम नहुने गरी डिभिजन वन कार्यालयले तोकेको स्थानमा स्वीकृत मापदण्ड (नर्मस्) बमोजिम योजनाले बृक्षारोपण गर्नु पर्दछ । योजना कार्यान्वयन गर्दा रुख विरुवा हटाइने भएमा त्यस्तो रुख विरुवाको दश गुणका दरले सम्वन्धित वन कार्यालयले तोकेको जग्गामा बृक्षारोपण गरेको रुख विरुवाको पाँच वर्षसम्म स्याहार, सम्भार र रेखदेख गरी पाँच बर्ष पछि रुख, विरुवा वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्दछ । सट्टा जग्गामा बृक्षारोपण, स्याहार, सम्भार र रखेदेख गर्न नसक्ने योजनाले सो बापत मन्त्रालयको स्वीकृत मापदण्ड (नर्मस्) अनुसार लागत ईष्टिमेट गरी सम्वन्धित वन कार्यालयबारा स्वीकृत गराई त्यस्तो लागत ईष्टिमेट बमोजिमको रकम वन विकास कोषमा उपलब्ध गराउनु पर्दछ । कोषमा रकम जम्मा गर्नु अगाडी वन तथा वातावरण मन्त्रालयको स्वीकृति लिनु पर्दछ ।

### १३. क्षति न्यूनीकरणका उपाय अपनाउने र निर्देशनको पालना

राष्ट्रिय वन क्षेत्र प्रयोग गरी कार्यान्वयन हुने कुनै पनि योजना कार्यान्वयन गर्दा संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय मूल्यांकन प्रतिवेदनमा उल्लेख गरेका, भएका र सो प्रतिवेदनले सुझाएका क्षति न्यूनीकरणका उपायहरु योजनाले आफ्नै खर्चमा अनिवार्य पालना गर्नु/गराउनु पर्दछ ।

राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृत पाएको कुनै योजना कार्यान्वयन गर्दा शर्त बमोजिम वा वातावरणीय अध्ययनमा उल्लेख भएको गर्नु पर्ने काम भए/नभएको सम्वन्धमा वन तथा वातावरण मन्त्रालयले अनुगमन गर्न सक्नेछ। मन्त्रालयले वन क्षेत्र प्रयोग गर्ने सम्वन्धमा सम्वन्धित योजनालाई जुनसुकै बखत सुधारका लागि आवश्यक सुझाव तथा निर्देशन दिन सक्नेछ। मन्त्रालयले दिएको सुझाव तथा निर्देशनको पालना गर्नु सम्वन्धित योजनाको अनिवार्य कर्तब्य हुन्छ।

### १४. स्वीकृति विना वन क्षेत्रमा योजना संचालन गरेमा हुने कसूर र सजाय

स्वीकृत वन व्यवस्थापन योजना रहेका, प्रचलित वन कानूनमा उल्लेख भएका र नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृती बाहेक अन्य योजना तथा कार्यक्रम राष्ट्रिय वन क्षेत्र संचालन तथा कार्यान्वयन गर्न मिल्दैन। स्थानीय तह (नगर/गाउँपालिका) को कार्यपालिकाको निर्णय, सरकारी तथा अर्धसरकारी कार्यालयको निर्णय भनी वन क्षेत्रमा कुनै सामाजिक तथा पूर्वाधार निर्माणका योजना संचालन गर्ने कार्य गरे गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा (४९) खण्ड (ग), (च) र (छ) बमोजिम कसूर गरेको मानिन्छ।

राष्ट्रिय वन फाँड्ने वा वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिजको उत्खनन गर्ने, आबाद गर्ने,सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय संचालन गर्ने वा अतिक्रमण गर्ने काम कसैले गरे गराएमा पाँच बर्ष सम्म कैद वा एकलाख रुपैयासम्म जरिबाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ। त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुनेछ भन्ने व्यवस्था वन ऐन, २०७६ को दफा (५०) को उपदफा (३) मा रहेको छ। अतः वन क्षेत्रमा स्वीकृति विना कार्यक्रमको लागत अनुमान र विस्तृत अनुमान तयार गर्ने, कार्यक्रम स्वीकृत तथा निर्णय गर्ने, योजना कार्यान्वयन गर्न कार्यादेश दिने र सम्झौता गरी कार्यान्वयन गर्ने उपभोक्ता समिति वा ठेकेदार समेत विरुद्ध वन क्षेत्र अतिक्रमण गरेको र पूर्वाधार बनाएको कसूर अपराधमा मुद्दामा समेत चल्ने हुँदा कसैले पनि कुनै बाहनामा राष्ट्रिय वन क्षेत्रमा उल्लेखित कार्य गर्नु गराउनु हुँदैन।

## (ई) निष्कर्ष

स्वच्छ वातावरण जीवनको लागि अपरिहार्य छ। वातावरण संरक्षण राष्ट्रिय तथा अन्तराष्ट्रिय सरोकारको विषय बनेको छ। वातावरणीय अध्ययन विना हामीले हाम्रो लागि राम्रो कार्य भनी निर्माण गरेका सामाजिक तथा विकास पूर्वाधारहरुको कारण विद्यमान वातावरणीय सन्तुलनमा विग्रन पुगेको छ। यीनै क्रियाकलापका कारण वातावरण तत्वहरु वीचको सन्तुलित अवस्थामा खलल् परी प्राकृतिक सम्पदा र जनजीविकाको क्षेत्रमा बहुआयामिक असर तथा प्रभाव देखिन थालेका छन्। कुनै पनि योजना कार्यान्वयन गर्दा वातावरणीय अध्ययन गरेमा त्यस्तो योजना कार्यान्वयन गर्दा विद्यमान वातावरणमा पर्ने सक्ने सम्भाव्य असर तथा प्रभावको पहिचान, आंकलन, मुल्यांकन र प्रभाव प्रक्षेपण गरी त्यसबाट वातावरणमा पर्न जाने नकारात्मक प्रभाव घटाउने, सकाकात्मक प्रभावलाई बढाउने र बैकल्पिक उपायहरुको खोज गरी सुझाउने प्रयास गर्दछ। तसर्थ वातावरणीय अध्ययन गर्नु पर्ने योजना तयार गर्दा वातावरणीय पक्षलाई एक अभिन्न अंगको रुपमा लिएर योजना कार्यान्वयन गरौं। एकल प्रयासबाट वातावरण जस्तो बहुआयामिक विषय संवोधन गर्न कठिन छ। त्यसैले समयमै वातावरण संरक्षण र व्यवस्थापन क्षेत्रमा सचेतना अभियानमा प्रत्येक व्यक्ति, समुदाय, सरकारी तथा गैंह्रसरकारी निकाय, संघ, संस्थाहरु लागौं। विकास योजनाको कार्यान्वयन गर्दा वातावरणमा असर पर्न दिन हुन्न भन्ने मान्यता राखी वातावरण र विकासको वीचको तादाम्यता मिलाई विकासका पूर्वाधारको निर्माण गरौं। नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको सम्मान गरौं। दिगो विकास गन्तव्यको यात्रामा सहभागी होऔं।

❖❖❖




PRINTED AT : ADARSHA, PKR 9856046985

प्रदेश सरकार

वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय लमजुङ

बेसिशहर